नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(स्थानीय तह समन्वय शाखा) सिंहदरबार, काठमाडौं ।
फोन नं.: ०१-४२००५११
४२००३०४

पत्र संख्या :- स्था.त.स.शा./फा.सं.-३/०७६/७७ मिति : २०७६/११/०१
च.नं. :- ३१५

श्री स्थानीय तह (सबै)।

बिषयः- कुष्ठरोग उपाचार बहुऔषधी (MDT)व्यवस्थापन सम्बन्धमा ।

प्रस्तुत बिषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.स. ०७६/७७ च.नं. १५४/**pcs** मिति २०७६/१०/२९ को पत्राचार सम्वन्धको प्राप्त पत्र संलग्न छ । सो सम्बन्धमा थप व्यहोरा संलग्न पत्रबाटै अवगत गर्नुभई आवश्यक सहयोग, समन्वय तथा अन्य व्यवस्था गर्नुहुन आदेशानुसार अनुरोध छ ।

२०७६/११/०१
(राजकुमार बोहरा)
शाखा अधिकृत

**वोधार्थ :**
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखा; **Website** मा **upload** गरिदिनुहुन ।

स्थानीय तह....
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- १०९८८
मिति:- २०७६।१०।२९

२६२५८०
२६२६९६
२६१७३६
(४- २६२८०२
२६२९८७
२६२४६८
२६२५४३

# नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
## स्वास्थ्य समन्वय महाशाखा

पत्र संख्या:- (१) २०७६।०७७
च.न १४४/PCS

रामशाहपथ
काठमाडौं, नेपाल
मिति: २०७६।१०।२९

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौ ।

**विषय: कुष्ठरोग उपचार बहुऔषधी (MDT) व्यवस्थापन सम्वन्धमा ।**

प्रस्तुत विषयमा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको च.नं १०६१ को पत्रानुसार विश्व स्वास्थ्य संगठन मार्फत हाल सम्म कुष्ठरोग उपचार बहुऔषधी (MDT) उपलब्ध भइरहेकोमा केहि प्राविधिक कारणले यस औषधीको आपूर्ति व्यवस्थापनमा केहि कठिनाई आउन सक्ने सम्भावना भएकोले सो औषधीको समूचित वितरण एवं व्यवस्थापन गर्नका लागि अनुरोध भएनुसार गर्न र गराउनका लागि सबै स्थानीय तह हरुमा समन्वय तथा पत्राचार गरि दिन हुन निर्देशानुसार अनुरोध छ ।

स्थानीय तह समन्वय शाखा
दर्ता नं.:- ६४९
मिति:- २०७६।११।०२

भीमप्रसाद सापकोटा
बरिष्ठ जनस्वास्थ्य प्रशासक

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य समन्वय महाशाखा

( ४- { २२३५८०, २६२६९६, २६९७३६, २६२८०२, २६२९८७, २६२४६८, २६२५४३

रामशाहपथ
काठमाडौं, नेपाल


पत्र संख्या:- (१) २०७६।०७७
च.न १५५। PCS

मिति: २०७६।१०।२९

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाण्डौ ।

**विषय: कुष्ठरोग उपचार बहुऔषधी (MDT) व्यवस्थापन सम्वन्धमा ।**

प्रस्तुत विषयमा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाबाट च.नं १०६३ को पत्रानुसार विश्व स्वास्थ्य संगठनको कुष्ठरोग निदान, उपचार तथा बचावट सम्वन्धि निर्देशिका २०१८ र नेपाल सरकारको कुष्ठरोग कार्यक्रमको राष्ट्रिय कार्य संचालन निर्देशिका २०७५ अनुसार कुष्ठरोग विरामीको उपचार प्रोटोकोल बमोजिम सबै प्रकारका कुष्ठरोग विरामी (अर्थात एम.बी तथा पी.बी) लाई Dapsone, Rifampicine र Clofazimine सहितको एकै प्रकारको Blister pack औषधीबाट उपचार गर्ने भएकोले अब देखि पी.बीका नयाँ विरामीहरुलाई पनि सोही Blister pack बाट तपसिल अनुसार उपचार गराउनका लागि सबै निकायहरुमा परिपत्रका लागि अनुरोध भएनुसार कुष्ठरोगको यहि उपचार पद्धति कार्यान्वयनका लागि समन्वय गरि दिन हुन निर्देशानुसार अनुरोध छ ।

भीमप्रसाद सापकोटा
बरिष्ठ जनस्वास्थ्य प्रशासक

**तपसिल:**
**उपचार विधि**

<table>
<tr><th colspan="2" rowspan="2">औषधी</th><th rowspan="2">वयस्क<br>(१५ बर्ष वा सो भन्दा माथिका)</th><th rowspan="2">बच्चा<br>(१०-१४ बर्षसम्मका)</th><th rowspan="2">साना बच्चाहरु<br>(१० भन्दा कम उमेर भएका)</th><th colspan="2">प्रकार/अवधि</th></tr>
<tr><th>एम.वि.</th><th>पि.वि.</th></tr>
<tr><td colspan="2">ड्याप्सोन (दैनिक)</td><td>१०० मि.ग्रा.</td><td>५० मि.ग्रा.</td><td>५० मि.ग्रा. एक दिन बिराएर</td><td rowspan="4">१२ महिना</td><td rowspan="4">६ महिना</td></tr>
<tr><td rowspan="2">क्लोफाजिमाइन</td><td>(दैनिक)</td><td>५० मि.ग्रा.</td><td>५० मि.ग्रा. एक दिन बिराएर</td><td>५० मि.ग्रा. हप्तामा २ दिन</td></tr>
<tr><td>(मासिक)</td><td>३०० मि.ग्रा.</td><td>१५० मि.ग्रा.</td><td>१०० मि.ग्रा.</td></tr>
<tr><td colspan="2">रिफाम्पीसिन (मासिक)</td><td>६०० मि.ग्रा.</td><td>४५० मि.ग्रा.</td><td>३०० मि.ग्रा.</td></tr>
</table>

○ *१० वर्षभन्दा कम उमेरका बच्चाहरुको लागि छुट्टै प्याकेट नहुने हुँदा औषधि वितरण गर्नु भन्दा अधि बहु-औषधी blister pack मा मात्रा मिलाएर दिनु पर्दछ (यदी आवश्यक्ता परेमा प्रेषण केन्द्रमा प्रेषण गर्नुपर्दछ ) ।*

○ *हप्ताको २ पटक दिने, Clofazimine एक रुपता गराउनका लागि (जस्तै प्रत्येक सोमबार र बिहिबार) दिन सकिनेछ ।*

**शरीरको तौलको हिसाबले निम्न औषधी यस प्रकार प्रयोग गर्न सकिन्छ र उपचार अवधि यथावत हुनेछ :**

| | |
|---|---|
| Rifampicin (10 mg) | प्रति किलोग्राम महिनामा एक पटक |
| Clofazimine (1 mg) | प्रति किलोग्राम दैनिक र ६ मि.ग्रा प्रति किलोग्राम महिनामा एक पटक |
| Dapsone(1- 2 mg) | प्रति किलोग्राम प्रति दिन औषधि सेवन अवधि यथावत हुनेछ । |